नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्या :-
च.नं.

मिति २०७८।१०।०५

# प्रेस विज्ञप्ति

नेपाल सरकारले अन्तर्राष्ट्रिय वायुसेवा संचालन संस्थाको दायित्व तथा बिमा सम्बन्धमा मन्ट्रियल महासन्धि, १९९९ नेपालको संसदबाट अनुमोदन भई सन् २०१८ डिसेम्बर १५ वाट अन्तर्राष्ट्रिय उडानमा कार्यान्वयनमा आइसकेको छ । वार्सा महासन्धि १९२९ का प्रावधानहरु लागू भईरहेको आन्तरिक उडानमा समेत मन्ट्रियल महासन्धि, १९९९ का व्यवस्था अनुरुप अनुकूलन गर्ने हेतुले नयाँ ऐनको मस्यौदा तयारीको लागि नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७७।१२।१२ को निर्णयबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह सचिव श्री बुद्धिसागर लामिछानेको संयोजकत्वमा नौ सदस्यीय एक कार्यदल गठन भएको थियो । आन्तरिक वायुसेवाको दायित्व तथा बिमाको सम्बन्धमा उचित व्यवस्था गरी हवाई यात्रुको अधिकार सुनिश्चित हुने व्यवस्थाका लागि "हवाई यातायात सेवा संचालन संस्थाको दायित्व तथा बिमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" (मस्यौदा) आज कार्यदलले श्रीमान् सचिवज्यू समक्ष पेश गरेको व्यहोरा सम्बन्धित सवैलाई जानकारी गराईन्छ ।

(डा. टीकराज पाण्डे)
सहसचिव एवं प्रबक्ता